*Academic Journal of Sukuna – AJoS: A Peer-reviewed Journal*
*(Special Issue on Nepali Language and Literature)*
*Vol. 4, Issue 1: 2024 May (2081 Jetha), PP 16- 27*
*ISSN: 2594-3138 (Print)*
*Research Management Cell (RMC-Sukuna), Sundarharaincha, Morang*

# काव्याञ्जली कवितासङ्ग्रहका कवितामा यथार्थता

गणेशराज अधिकारी, पिएच. डी
उपप्राध्यापक, महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौँ
lionganesh2017@gmail.com

## लेखसार

रवीन्द्र भट्टराईको *काव्याञ्जली* कवितासङ्ग्रह वि.सं. २०४० देखि २०६० को दशकसम्म लेखिएका यथार्थता अभिव्यक्त भएका कविताको सँगालो हो। तत्कालीन समयको समाज, राजनीति, अर्थव्यवस्था, संस्कार र संस्कृति नै यस काव्यमा यथार्थ रूपमा अभिव्यक्त भएका छन्। गरिबी, अभाव, पीडा, विसङ्गति, व्यङ्ग्य, प्रगतिवादी चेत, अस्तित्ववादी चिन्तन र समसामयिक दृष्टिकोण काव्यमा स्वाभाविक ढङ्गले अभिव्यक्त भएका छन्। उक्त समयका यथार्थ विषय एवम् स्वरलाई कविले हुबहु रूपमा काव्यमा प्रस्तुत गरेका छन्। यथार्थमा देश, जनता, जाति, सभ्यता, संस्कृति, संस्कारजस्ता पक्षलाई केन्द्र मानेर काव्य तयार भएकाले उक्त कवितामा राष्ट्रिय भाव स्वतः समेटिएको छ। पुस्तक पठन विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको प्रस्तुत लेखमा पाठात्मक विधिका आधारमा सामग्रीको विश्लेषण गरिएको छ भने गुणात्मक पद्धतिअन्तर्गत *काव्याञ्जली* कवितासङ्ग्रहलाई प्राथमिक स्रोत र अन्य सामग्रीलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा अपनाइएको छ। कविताभित्रको यथार्थताको खोजी गरिएकाले पठन तथा अन्तर्पठनद्वारा सम्बन्धित पाठक तथा यथार्थताको अध्ययन गर्ने अध्येतालाई यो लेख उपयोगी रहेको छ।

*शब्दकुञ्जी* : अहोरात्र, रिपुगण, वर्गभेद, विसङ्गति, व्यङ्ग्य

## विषयपरिचय

पाठ्य, श्रव्य र दृश्य भेदमा साहित्य व्यवहृत हुन्छ। रूपक दृश्य भेदमा सफल मानिन्छ। अन्य विधा पाठ्य र श्रव्य भेदबाट व्यवहृत हुन्छन्। साहित्य अनेक विधाको समष्टि रूप हो। काव्य पनि साहित्यभित्र रहने एक प्रमुख भेद वा विधा हो। काव्यका अनेक उपभेद छन्। आकारगत आयामका दृष्टिले कविता लघुतम, लघु, मझौला र

बृहत् (ढुङ्गेल, अधिकारी र गौतम, २०७६, पृ. १३) गरी चार प्रकृतिका छन् । लघुतम रूपमा मुक्तकलाई लिइन्छ । यसभन्दा माथि लघु रूप रहन्छ । खण्डकाव्यभन्दा सानो वा छोटो रूप नै लघु रूप हो । एक श्लोकभन्दा माथिको आयाम भएको र खण्डकाव्यको दर्जामा दरिन नसक्ने रचना नै कविताको लघु आयाम हो । यसअन्तर्गत फुटकर कविता, गीत, गजल आदि पर्दछन् । खण्डकाव्य र महाकाव्य कविताका मझौला र बृहत् रूप हुन् । । भाव अनुभूतिलाई काव्यको विषयसँग जोडेर हेर्दा आचार्य र गैरे कविताका भेद मुक्तक, फुटकर कविता,खण्डकाव्य,महाकाव्य र विकासशील महाकाव्य मानछन् (आचार्य र गैरे,२०५९, पृ. ३३६ ) ।

कविताका गुण र रूपलाई नेपाली कविता भाग दुईमा सम्पादक ताराप्रसाद जोशीले शब्द, छन्द, लय, संवेग, कल्पनाजस्ता पक्षलाई कविताविधानका विभिन्न रूपबाट बुझिने बताएका छन् (जोशी, २०४३, पृ. १५) । रवीन्द्र भट्टराईको प्रस्तुत *काव्याञ्जली* कवितासङ्ग्रह कविताका लघु रूप जनाउने वा पहिचान गराउने कृति हो । यस सँगालाभित्रका सबै कविता लघु भेदभित्र पर्दछन् । रवीन्द्र भट्टराई वि. सं.२०२५ मा नेपालको पूर्वी पहाडी भेग इलाममा जन्मेका हुन् । हाल उनी काठमाडौँ जिल्लाको तारकेश्वरमा बस्दछन् । वकालत र प्राध्यापनलाई उनले आफ्नो जीविकोपार्जनको माध्यम बनाएका छन् । उनको प्रस्तुत *काव्याञ्जली* कवितासङ्ग्रहका कविता पढ्दा उनी मूलतः विद्रोही बन्न पुगेका देखिन्छन् । समयचेत उनका काव्यमा प्रखर भएर अभिव्यक्त भएको छ ।

कवि भट्टराईका कविता सामयिक र सान्दर्भिक छन् । हरेक पङ्क्ति र शब्दमा काव्यात्मक भाव प्रकाशित छन् । काव्यमा भएका प्रत्येक श्लोक गहन सन्दर्भ प्रस्तुत गर्न सफल छन् । भट्टराईका कविताका विषयले उनलाई विद्रोही कविको दर्जा दिएका छन् । समसामयिकता, राजनीतिक चेतनाको प्रस्तुति, क्रान्तिकारी चेतना, प्रगतिवादी चिन्तन, अस्तित्ववादी चेत, यथास्थितिप्रति आक्रोश, सामाजिक यथार्थको चित्रण, मानवीय संवेदनाको चित्रण, व्यङ्ग्यघोष, सभ्यता र संस्कृतिको सजीव प्रस्तुति यस सँगालाका प्रमुख काव्यात्मक प्रवृत्ति हुन पुगेका छन् । *काव्याञ्जली* कवितासङ्ग्रहका यर्थाथबोध र चेतनाका प्रशस्तै प्रयोग र उदाहरण पाइन्छन् । यसको शैलीको पक्षका विषयमा अध्ययन गरिएको पाइन्छ तर अनुसन्धानात्मक उद्देश्य राखेर यथार्थ पक्षको अध्ययन गरिएको पाइँदैन । तसर्थ यस लेखमा *काव्याञ्जली* कवितासङ्ग्रहमा यथार्थतालाई प्रवृत्तिगत रूपमा अध्ययन गरिएको छ ।

*काव्याञ्जली* कवितासङ्ग्रहमा अभिव्यञ्जित यथार्थ नै यस अनुसन्धानको विषय हो । सर्जक रवीन्द्र भट्टराई रचित *काव्याञ्जली*मा अभिव्यक्त यथार्थको खोजी गर्नु यस अनुसन्धानात्मक लेखको प्रयोजन हो । यथार्थको खोजी गर्ने क्रममा वैचारिक सामाजिक यथार्थ कसरी र कुन रूपमा प्रस्तुत भएको छ ? यो तथ्य पनि अनुसन्धान वा खोजको विषय हो । यथार्थ अभिव्यक्त गर्ने क्रममा कविले मन, मुटु र माटाका बिच रहेको यथार्थ भाव प्रस्तुत गरेका छन् । तसर्थ *काव्याञ्जली* काव्यमा रहेका यथार्थ अभिव्यक्तिको पहिचान गर्नु र त्यस

अभिव्यक्तिको प्रयोगका तरिकाको अध्ययन गर्नु यस अध्ययनको समस्या रहेको छ । यसलाई बुँदामा यसरी उल्लेख गर्न सकिन्छ :

(क) *काव्याञ्जली* काव्यमा केकस्तो यथार्थ अभिव्यक्त भएको छ ?

(ख) *काव्याञ्जली* काव्यमा अभिव्यक्तिको प्रयोग कसरी भएको छ ?

सर्जक भट्टराई समाजको यथास्थितिप्रति आक्रोश पोख्दछन् । उनका कविता वेगमय नदीझैँ विद्युत्का तरङ्ग छोड्दै बग्छन् । सिङ्गो कवितासङ्ग्रह नै अविरल गतिमा बगेको नदीको प्रवाहजस्तो छ । यसले समाजका सर्वाङ्ग पक्षलाई यथार्थ रूपमा प्रस्तुत गरेको छ ।  काव्य सङ्ग्रहका कवितामा अभिव्यक्त यथार्थ पक्षको विश्लेषण गर्नु प्रस्तुत लेखको उद्देश्य हो । उक्त उद्देश्यलाई बुँदामा यसरी देखाइएको छ :

(क) काव्य सङ्ग्रहमा अभिव्यक्त यथार्थ पत्ता लगाउनु

(ख) काव्यमा प्रयुक्त अभिव्यक्ति तरिकाको विश्लेषण गर्नु

प्रस्तुत अध्ययन  कवि भट्टराईको *काव्याञ्जली* कृतिमा अभिव्यञ्जित  यथार्थको खोजीमा केन्द्रित छ । काव्यमा विविध प्रकृतिका यथार्थ अभिव्यञ्जित छन् । विविध रूपका यथार्थ प्रस्तुत हुनाले काव्य अभिव्यञ्जित यथार्थका दृष्टिले औचित्ययुक्त छ । यथार्थको प्रस्तुतिका दृष्टिले विवेच्य काव्य सामाजिक, नैतिक, आर्थिक, राजनीतिक, प्राकृतिकलगायतका विषयवस्तुको प्रस्तुतिका दृष्टिले औचित्ययुक्त छ । अनुसन्धानमा लागेका जोकोही शोधार्थीका लागि यस लेखले आवश्यक थप ज्ञान दिने छ । अझ *काव्याञ्जली*मा अभिव्यञ्जित यथार्थको खोजी गर्नेका लागि त यो अध्ययन थप सहयोगी र सार्थक रहने छ ।

## अध्ययन विधि र सामग्री

कवि भट्टराईबाट रचित विवेच्य कवितासङ्ग्रह *काव्याञ्जली*मा 'पारिजात'देखि 'युद्धप्रसाद मिश्रप्रति' सम्मका वि.सं. २०४० देखि वि.सं. २०६० को दशकसम्मका ८२ वटा कविता समेटिएका छन् । यस लेखमा यी कवितामा अभिव्यक्त यथार्थ तथ्यलाई वर्णन र व्याख्या गरेर स्पष्ट पारिएको छ । यस लेखमा आगमनात्मक विधिका माध्यमबाट यथार्थ अभिव्यक्तिको खोजी गरिएको छ भने काव्यमा अभिव्यञ्जित तथ्यलाई व्याख्या विश्लेषणको प्रक्रिया अवलम्बन गरी समीक्षा गरिएको छ । यसमा गुणात्मक प्रकृतिको अनुसन्धान ढाँचाको प्रयोग गरिएको  छ ।

अध्ययनलाई सार्थक बनाउन सामग्रीको पहिचान र  प्रमुख सामग्री सङ्कलनमा विशेष लगाव आवश्यक भएकाले यस अध्ययनमा पुस्तकालयको सहायता लिएर मूल सामग्री सङ्कलन गरी अध्ययन विश्लेषण गरिएको छ । व्याख्याका क्रममा कवि भट्टराईको *काव्याञ्जली* कृतिलाई विविध यथार्थको प्रस्तुतिका लागि दृष्टान्त बनाइएको छ ।  कृतिको  समीक्षा गर्ने क्रममा मूल कृतिबाहेकका सामग्री पनि सङ्कलन गरिएका छन् । समीक्षाका

लागि सन्दर्भ पुस्तक र शोधसामग्रीहरूको पनि सङ्कलन गरिएको छ। यस लेखमा *काव्याञ्जली* कवितसङ्ग्रहका कवितालाई प्राथमिक मानक सामग्रीका रूपमा उपयोग गरी यिनै कविताहरूको विश्लेषण गरिएको छ। यी कविताको विश्लेषणका क्रममा गुणात्मक विधिको अवलम्बन गरिएको छ।

**नतिजा र छलफल**

यो अध्ययन कवि रवीन्द्र भट्टराईको *काव्याञ्जली* काव्यको अध्ययनमा मात्र सीमित भएको छ। काव्यका तत्त्व वा कविका काव्यगत प्रवृत्ति दुवै पक्ष काव्यको समीक्षा गर्ने प्रयोजनमा समेटिएका छैनन्। यसले काव्यमा अभिव्यञ्जित यथार्थको अध्ययनलाई मात्र व्याख्या र समीक्षाको विषय बनाइएको छ। यसमा नेपाली मन, मुटु र माटालाई जोड्न यथार्थको चित्रण गरिएको छ। सामाजिक धरातल र वास्तविक यथार्थलाई अभिव्यञ्जित यथार्थका रूपमा मात्र सीमित गरिएको छ।

यथार्थ भनेको वस्तुसत्य हो। यसले जे कुरा देखिन्छ, जे कुरा भेटिन्छ, त्यसलाई विश्वास गर्छ। यसको सम्बन्ध यथार्थवादसँग छ। साथसाथै प्रकृति र प्रकृतवाद पनि यसका सहयोगी बन्छन् (अधिकारी, गौतम र ढुङ्गेल,२०७९, पृ. १२०) । अत: यथार्थवादलाई जे जस्तो देखिन्छ त्यस्तै रूपमा प्रस्तुत गरिन्छ। जीवन जगत्प्रतिको वस्तुपरक अभिव्यक्ति तथा जीवनका सामान्य पक्षहरूको आधिकारिक उद्घाटन नै यर्थाथवाद हो (भण्डारी र पौडेल २०६८, पृ. १३२)। यस विचारले यथार्थवादका विषयमा पाश्चात्य विचारक फोर्बेलको मतलाई सकारेको छ।

यथार्थवादले नेपाली आख्यानमा मात्र नभई काव्य विधामा प्रयुक्त कविता र यिनका विविध रूपमा पाइने यथार्थतालाई देखाएको छ (श्रेष्ठ, २०७८)। यस कवितासङ्ग्रहमा यथार्थ पक्ष, तत्त्व तथा आयतनलाई अध्ययनको आधार बनाइएको छ। मानवीय जीवनजगत्का बिचको सम्बन्धले देखा पर्ने वास्तविकतालाई यथार्थताका आँखाले हेरी यथार्थवादी साहित्यका रूपमा अध्ययन गर्ने चलन छ। साहित्यमा यथार्थताको अध्ययन गर्दा कम्तीमा सामाजिक पक्ष, सामाजिक परिवर्तन, सुन्दरम्, सत्यम् आदिको प्रभावलाई ध्यान दिइन्छ। सामाजिकता भनेको समाजको व्यवस्था हो। यसमा समाजका धेरै पक्षहरू समेटिएका हुन्छन्, जसमध्ये यथार्थता पनि एक महत्त्वपूर्ण पक्ष हो। समाजको भौतिक, आर्थिक, राजनैतिक, लैङ्गिक, वर्गीय आदि पक्षको संयोजन नै सामाजिक पक्ष हो।

समाजका मान्छेको इच्छानुसार फेरबदल हुनु परिवर्तन हो। त्यसको सम्बन्ध यथार्थताको परिवर्तनसँग छ। सामाजिक संरचना तथा व्यवस्थामा आएको फेरबदललाई सामाजिक परिवर्तनका रूपमा अध्ययन गर्ने गरिन्छ। समाजका राजनैतिक, आर्थिक, लैङ्गिक, वर्गीय आदि संयन्त्रले समाज बनेको हुन्छ र ती सबै पक्षको

वस्तुचरित्रलाई यथार्थतासँग अध्ययन गर्ने गरिएको पाइन्छ । यस अध्ययनमा प्रस्तुत यावत् पक्षका आधारमा *काव्याञ्जली* कवितासङ्ग्रहको विश्लेषण गरिएको छ ।

**सामाजिक पक्षको यथार्थ अभिव्यञ्जना**

कवि रवीन्द्र भट्टराई प्रगतिवादी धारका कविता लेख्छन् । विद्रोहले परिवर्तन खोज्छ र त्यो परिवर्तन प्रगति केन्द्रित हुन्छ । गरिब र दुःखीका दिन प्रजातन्त्र आएपछि आउँछन् । सुख पाउन प्रजातन्त्र आउनुपर्छ । यहाँ दुःखीको दिन सुखमा रूपान्तरण गर्ने भएर आउँछ भन्ने सन्दर्भ जोडिएको छ । रिमालले 'आमाको सपना' मा त्यो आउँछ भनेको कुरा भट्टराईले दुःखीको दिनमा यसरी उल्लेख गरेका छन् :

"तपाईँ भन्नुहुन्थ्यो नि हजुर बा, ऊ आउँछ

अनि पानी परेका दिन कुले काका गोली लागेर मरेको

अन्तरेले पत्रिका पढ्दा पनि

तपाईँले भन्नुभाथ्यो त्यो आउँछ" (भट्टराई, २०७६, पृ. १३) ।

**यथार्थ र आदर्शको प्रतीकात्मक अभिव्यञ्जना**

पारिजात शीर्षकको पहिलो कविताबाट उनको *काव्याञ्जली* सङ्ग्रह अगाडि बढेको छ । पारिजात प्रतीकात्मक अर्थ बोक्ने शब्द हो । कवितामा पारिजात नेपाली साहित्यमा फुलेको एउटा फूल हो तर जो कहिल्यै आफू पारिजातमय बन्न सकेन । बरु नेपाली साहित्यलाई भने सुवासित बनाउन सक्यो ।

"स्वर्गको फूल भएर परीका लागि फुलेन

अप्सरा खुसाउनका लागि कदापि भुलेन

देउताहरूका निम्ति फुल्न उसलाई चाहै भएन

कसैसामु जसले कैल्यै झुल्नै परेन" (भट्टराई,२०७६, पृ.१) ।

अन्त्यानुप्रासको मेल भएको माथिको श्लोकले पारिजातको बोध गराएको छ । अलौकिक शक्तिलाई खुसी बनाउन उनको ध्यान गएन । मानवमात्रको हित र भलाइमा पारिजात लागिन् । उनको सुगन्ध र सुवासले आफूलाई कहिल्यै फुलाउन नसके पनि साहित्यानुरागी पाठकहरूलाई भने कहिल्यै भुल्न नसकिने गुन लगाइन् । अभाव, दुःख, पीडा, छटपटी र तनावका बिचमा पनि उनले सिर्जनाबाट आफूलाई चिनाउन सकिन् । नेपाली साहित्यमा अमर तारा बनिन् । यिनकै त्यागलाई विवेच्य कवितामा कविले प्रस्तुत गरेका छन् ।

**यथार्थमूलक परिवर्तनकोअभिव्यञ्जना**

"कवि भट्टराई नयाँ कुराको खोजमा छन् । उनी भन्छन्:

अरू हिंडेको गोहो पछ्याएर

किन हिँड्ने अरूले बनाएका बाटाहरू टेकेर ?" (भट्टराई, २०७६, पृ. ३) ।

माथिका पङ्क्तिमा व्यक्त विचार नवीनपनको खोजीमा केन्द्रित छन् । आफ्ना लागि अब आफैँले नयाँ गोरेटो कोर्नुपर्छ । त्यसलाई घोडेटो, चक्रेटो हुँदै सडक बनाउनुपर्छ । असङ्ख्यलाई हिँड्ने बाटो बनाउनुपर्छ । आफ्ना लागि त सबैले गरेकै हुन्छन् नि ! लेखकलाई छुट्टै इतिहास कोर्न र हेर्न मन लागेको यथार्थ भाव कविताबाट अभिव्यक्त भएको छ । यसले कविको चिन्तन प्रगतिशील छ भन्ने सन्देश दिन्छ । अझ उनी विद्रोही चेतलाई दृष्टान्त बनाउँदै समाजका रूपान्तरणको उद्घोष गर्दछन् । बदमासहरूका गर्धनमा खुँडा फड्कार्न र सिल्लीहरूका थाप्लामा खुकुरी बजार्न तयार देखिएका छन् । उनी मैदानमै आउँदै गरेकाझैँ प्रत्यक्ष दृश्य काव्यको अध्ययनबाट हुन्छ । रित्तो ढाकर भर्न नयाँ बाटोको खोजमा छन् । यस विचारले स्वाभिमान सिद्धान्त र दर्शनमा मात्र होइन व्यवहारमा पनि देखिनुपर्छ भन्ने भाव प्रेषित गरेको छ ।

**यथार्थ चेतनाको अभिव्यञ्जना**

भट्टराईका कवितामा राजनीतिक चेतना प्रखर रूपमा प्रकट भएको छ । त्यसलाई पुष्टि गर्दै उनी फेरि एउटा कवितामा यसो भन्छन् :

"सोचहरूमाथि राजनीतिको ताल्चा लागेपछि
विचार उमार्ने मस्तिष्क मरु मस्तिष्क भएपछि" (भट्टराई, २०७६, पृ.१५) ।

सोच वा चिन्तन स्वतन्त्र हुनुपर्छ । यसले समाजका रूपान्तरणमा सिर्जनात्मक योगदान गर्नुपर्छ अनिमात्र समाजले गति लिन्छ भन्ने मान्यता कविको छ । राजनीति राज्यको नीति हो । यो राज्यका नागरिकका लागि हुनुपर्छ तर हाम्रो सोच राजनीतिपरक छ । हाम्रो सोचमा राजनीति भनेको कपटपूर्ण चाल हो । समाजनीति, धर्मनीति, अर्थनीति र राजनीतिको मर्म बुझेका विदुरका अगाडि धृतराष्ट्रहरूले राजनीतिको परिभाषा गरेजस्तै छ । यसले सकारात्मक सोचमा पनि ताल्चा मारिदिएको छ । मस्तिष्कलाई मरुभूमिमय बनाइदिएको छ । लेखकले यही तथ्यलाई अगाडि सार्दै विचारमा बन्देज लगाइएको वि. सं. २०४० अगाडिको निरङ्कुश पञ्चायती शासनको झलक प्रस्तुत गरेका छन् ।

**विद्रोहको यथार्थ अभिव्यञ्जना**

सर्जक भट्टराईका कवितामा विद्रोह त छँदै छ । विद्रोहका अतिरिक्त विज्ञान पनि समेटिएको छ । कुकर र सुत्ली बमका प्रसङ्गहरू पनि छन् । यिनले विनाश र ध्वंशको सङ्केत गरेका छन् । विज्ञानका सूत्रहरूलाई पनि लेखकले छोडेका छैनन् । यसलाई उनी यसरी भन्छन् :

"मान्छेका मानसिकतामा ज्वारभाटा चल्दा
उत्पन्न भएको हो आइन्सटाइनको सूत्र" (भट्टराई, २०७६, पृ.१७) ।

मान्छेको सिर्जनशील र रचनात्मक चेतले आइन्सटाइन जन्मे । ग्यालिलियो र डार्विनहरू जन्मे । हामी पनि तिनकै प्रतिरूप हौँ। अतः सिर्जनाले नयाँ अध्यायको आरम्भ हामीले नै गर्ने हो । हाम्रा अग्रजहरूले कसैले गरेको देखेरमात्र गरेको भए वा गर्नुपर्छ भनेको भए हामी अहिलेको यो अवस्थामा पनि आउन सक्ने थिएनौँ। कवि आफूलाई मुक्तमानव घोषित गर्न आतुर छन् (भट्टराई, २०७६) । शासन व्यवस्थाप्रति उनको आक्रोश छ ।

**सामाजिक नैतिक यथार्थको अभिव्यक्ति**

अर्ति उपदेशको सन्दर्भ जोड्दै कवि जीवनलाई घाम र छायाँको चौतारीका रूपमा अर्थ्याउँछन् । मान्छेले आफ्नो अपनत्व, अस्तित्व र पहिचानको खोजी गर्नुपर्ने भएको छ भन्ने विचार राखेका छन् । समाजको यथार्थ चित्रण गर्दछन् । बेमतलव र बेतालको जीवन गुजार्नुपरेको तथ्य प्रस्तुत गरेका छन् । मानव जीवन नै आज प्रहसन भएको छ भन्ने सन्दर्भ आफैँलाई जोडेर उभ्याएका छन् । यसले हामी रामलीलाका ढँट्वारेभन्दा माथि छैनौँ भन्ने भाव व्यक्त गरेको छ । कवि प्रकृति र सत्यलाई जस्तो विषम अवस्थाले पनि बदल्न सक्दैनन् भन्ने विचार राख्छन् । प्रकृतिका अधिकार खोसिने क्रमसँगै प्राण हरण हुने कुराको स्रोत के हो भन्ने जिज्ञासासमेत राखेका छन् ।

**त्रासदीय संवेदनाको अभिव्यञ्जना**

पीडाबोध र आत्मग्लानिले मान्छे क्लान्त छ । पीडा बिसाउने ठाउँ खै ? कोही सुन्न तयार छैन । सब बेफुर्सद । मान्छे अनुभूति शून्य भएको छ । पूर्वाग्रहले ग्रस्त छ । ऊ समयलाई दोष थोपरेर अगाडि बढिरहेछ । कवि भट्टराई यस्तै छ यस्तै भइरहेछ कवितामा यसो भन्छन् :

"सुविचारहरूलाई उपचारार्थ
राँची पठाउने सुरसार भइरहेछ" (भट्टराई, २०७६, पृ.३७ ) ।

माथि उद्धृत अंशले सत्यलाई टाढा बनाएको सन्दर्भ सङ्केत गरेको छ । देवकोटाहरू सन्तुलन गुमाउँदै छैनन् बरु चिकित्सक टोली धर्मराउँदो अवस्थामा छन् । सबै डा. वर्थका टोली होलान् र ? यो इतिहास हो, गौरवशाली छ । कवि प्रजातन्त्र पनि शब्दमा सीमित भएको छ भन्छन् । रगतको सुगन्धले सुवासित माटो सत्य भए पनि हतासिएको हो किझैँ प्रतीत हुन्छ । त्यसो भए जीवन खै स्वतन्त्र हुन सकेको ? यो भनाइ र गराइका बिचको बेमेल हो भन्ने प्रश्नात्मक प्रतिक्रिया दिएका छन् ।

**व्यङ्ग्य चेतनाको अभिव्यक्ति**

कवि जीवलाई सजाय हो ? भन्ने प्रश्नमा समयरूपी नियतिले जति बढी बाँच्यो, उति बढी सजाय भोगिरहेको अनुभूत गर्छन् । हरेक हिसाबले कमजोर भएकाले भौतिक संरचनाहरू र कमजोर भावनाहरू थेगिँदैनन् । सबै किसिमका नाकाबन्दीले हामी कमजोर होइन, झन् अझ दर्बिलो बन्दै छौँ । यो व्यवस्थाप्रतिको घोर व्यङ्ग्य हो ।

कवि भट्टराईले यसलाई सकारात्मक रूपमा अर्थ्याएका छन् । यसले हामीलाई अझ एकत्रित हुन प्रेरित गरेको छ भन्ने कविको ठम्याइ छ ।

**सिर्जनात्मक यथार्थको अभिव्यक्ति**

कवि सिर्जनशील चेतनाहरूलाई होसियार रहन अनुरोध गर्छन् । भान्सेहरूलाई फोहोरी नहुन भन्छन् । भान्सामा स्वच्छता नभएको तर्क गर्छन् (भट्टराई, २०७६) । शिष्टाचार र नैतिकताका पाठले नथिचियोस्, मान्छेलाई हतियार र औजारमा उल्था गरेर उसमा रहेको भाव पोखरी नसुकाइयोस्, न्युटनको गुरुत्वाकर्षणबाट नयाँ आविष्कार रच्नु छ, बाटाका कुलाका खेतहरू पानीका छचल्क्याइबाट भिजाउनु छ तथा सिर्जनाको जग बसाउनु छ भन्दै नवकर्ममा लाग्न कविले प्रेरित गरेका छन् । उपर्युक्त तथ्यबाट सर्जकले सिर्जनात्मक यथार्थको अभिव्यक्ति दिएका छन् ।

**आदर्शोन्मुख यथार्थको अभिव्यक्ति**

सहिदहरूप्रति कवि भट्टराईको उच्च सम्मान रहेको कुरा 'सहिदहरूप्रतिको श्रद्धासलाम' कवितामा यथोचित भाव व्यक्त गर्नुले पुष्टि गर्दछ । त्यस्तै 'नववर्षको शुभकामना' शीर्षात्मक कविताबाट हाम्रो सभ्यता, संस्कार, संस्कृति, सञ्चेतना, सद्विचार, अनुशासन, मर्यादा र कर्तव्यको पाठ पढाएका छन् । सकारात्मक, सिर्जनात्मक र रचनात्मक भाव सम्प्रेषण गर्ने सन्देश बोकेर नयाँ वर्ष आओस् भन्नुले लेखकमा सकारात्मक सोच रहेको र सोही भाव काव्यमा व्यक्त भएको देखिन्छ ।

**वाक्स्वतन्त्रताको यथार्थ अभिव्यक्ति**

कवि भट्टराईले २०४७ को संविधानलाई जनमानसको भावलाई समेटेर बनाइएको उत्तम संविधान भएको हुनाले यस व्यवस्थाले गति लिने कुरा गरेका छन् । सिप हुनेले काम पाउने, गरिखाने ठाउँ पाउने, उपयुक्त दाम पाउने, अन्याय र अत्याचारको निसान नरहने भनेर संविधानको उनले बखान गरेका छन् । कविले २०४६ को जनआन्दोलनले प्राप्त प्रजातन्त्र कस्तो प्रजातन्त्र यो ? भन्दै २०५२ श्रावणमा लेखिएको कवितामा प्रजातन्त्रका विषयमा प्रश्न उठाएका छन् । उनले पद्धति, शान्ति, मैत्री, विभेद अन्त्य, दलका कर्म, चुनावका खेल, बोलीको मर्म, विरक्तिको राजजस्ता सान्दर्भिक विषय उठाएर जनमानसमा उत्पन्न यथार्थलाई प्रकाशित गरेका छन् । भावको सम्प्रेषणका दृष्टिले कविताको शीर्षक नै काफी छ । प्रजातन्त्र प्राप्तिको बलिदानीपूर्ण भाव बहुजन हिताय, बहुजन सुखायमा आधारित होला भन्ने सोचे पनि यो विषय नागरिकले सोचेजस्तो नभएको काव्यको प्रस्तुतिबाट अवगत हुन्छ । त्यस्तै कवि दुर्जनलाई धिक्कार, सज्जनलाई अभिवादन र आदर्श सहिदलाई श्रद्धाभाव प्रकट गर्दछन् । कवि माटो र मनलाई जोड्दै यिनीहरू हाम्रा पहिचान भएको बताउँछन् । माटो र मनलाई मुटुसँग जोड्दै यसको टीका लगाउन पाउनुमा कवि गर्व गर्दछन् ।

### कर्तव्यजनित भावको अभिव्यक्ति

*काव्याञ्जली*मा कवि भट्टराईले कर्तव्य, निष्ठा, न्याय, उपकार, पुण्यकर्मजस्ता पक्षको उपस्थितिलाई जोड दिएका छन्। उनका कविताले भावना र सम्मानको बोध गराउँछन्। कविले यी कवितामा सज्जन बन्न प्रश्रय दिँदै दुर्जन र जाली बन्न निरुत्साहन गरेका छन्। कवि नेपालरूपी साझा फुलबारीमा सुन्दर र सुवासित फूल फुलाउने सङ्कल्प गर्छन्। त्यस्तै जागिरेका बाध्यता र विवशता 'जागिरे बाध्यता' शीर्षकको कवितामा प्रस्तुत गरेका छन्। कर्तव्य निर्वाह र सुकर्म गर्दा पनि जस नपाइएकामा कवि गुनासो गर्छन्। कविले जागिरेको विवशपनको सग्लो चित्र कोरेर यथार्थ खोतलेका छन्। कवि 'न्यायको अर्चना'मा न्यायको याचना गरिरहेका छन्। न्याय के हो ? अपरम्पार छ। सबैका आआफ्नै न्यायका परिभाषा छन्। उनी भन्छन्□"अन्यायको खाडल पुर्नु नै न्याय हो। उचनिच समान हुनु नै न्याय हो। श्रम, जातभेद, लिङ्गभेद नामेट हुनु नै न्याय हो। न्याय नै धर्म र कर्म पनि हो।" कवि मान्छेमा रहेको विभेदको पर्खाल भत्काउन मानव जातिलाई अनुनय गर्छन्। विवेच्य सङ्ग्रहमा कविले नेपाली साहित्यका महामुनि  देवकोटाप्रति उच्च सम्मानको भाव प्रकट गरेका छन्। उनको विराट साहित्यिक ओजलाई सम्मान गर्दै स्रष्टाप्रति श्रद्धाञ्जली चढाएका छन्।

### देशभक्तिपूर्ण भावनाको यथार्थ अभिव्यक्ति

'सूर्यले शान्ति ल्याएमा' कविताभित्र सूर्यको ओजस्वी भावलाई प्रस्तुत गर्दछन् भने 'देशप्रेममा भाषा' कवितामा भाषाको महत्त्व बताउँछन्। 'कला' कवितामा कलाको मर्म र गरिमा बताएका छन्। नेपालीपनामा नेपालीहरूको वीरता र पौरखको वर्णन गरेका छन्। मातृभूमिको रक्षार्थ रिपु गणको पराजयका लागि हामी अहोरात्र क्रियाशील छौँ भन्छन्। त्यस्तै गरी 'कविको गौरवगान' कवितामा राष्ट्रिय भावको कवित्व हुनुपर्ने र त्यसले मात्र कविको कर्म र मर्म दुवै हासिल हुने भाव कविले प्रस्तुत गरेका छन्।

देशभक्तिको भावमा डुबेको कविताका रूपमा 'म' शीर्षकको रचनालाई लिन सकिन्छ। यहाँ कवि 'म' को भाव सकारात्मक, सिर्जनात्मक र रचनात्मक छ भन्दै त्यही सत्कर्ममा म लाग्नुपर्छ भन्ने सन्देश दिएका छन्। त्यस्तै किसानमा उनी किसानको सामाजिक र सेवामुखी कर्मको महिमा गाउँछन्। अनिकाल भगाउने र प्राण जगाउने कर्ममा किसान लाग्छ भन्दै उसको महत्त्व बताएका छन्।'बुढी खोल्सो पनि बेचे रे !' कविता प्रतीकात्मक र व्यङ्ग्यात्मक छ। यसले गाउँको सामान्य खेत खलो  बेचेको र खोल्सो पनि त्यसमै परेको सन्दर्भलाई मात्र नभई यसले देशका नदीलाला र रातारात सीमा सारिएका र प्राकृतिक सम्पदा अब हाम्रा पुर्खाबाट हामीमा आउन नसक्ने रहस्यको समेत पर्दा फास गरेको छ।

**स्वाभिमानपूर्ण यथार्थ भावको अभिव्यञ्जना**

*काव्याञ्जली*को अन्तिम कविता युद्धप्रसाद मिश्रप्रति समर्पित छ । तत्कालीन निरङ्कुश शासनको विरोधमा कठोर भएर लागेको विषयसन्दर्भलाई यस कवितामा उठाइएको छ । श्रमजीविप्रतिको निष्ठा कहिल्यै नझुकेको भाव समेटिएको प्रस्तुत कविता क्रान्तिवीर नेपालीप्रति समर्पित छ । कवितामा अन्याय, अत्याचार र जडताका विरुद्धमा लाग्ने उच्च मनोबल भएका युद्धप्रसाद मिश्र नेपाली जातिका आदर्श हुन् भन्दै उनीप्रति श्रद्धाभाव राखिएको छ । कवि भट्टराईका प्रस्तुत *काव्याञ्जली* कवितासङ्ग्रहभित्रका कविताले देश, जनता, जाति, सभ्यता, भाषा, कला, संस्कृति र परम्पराप्रति आस्था राख्दै तिनको सम्मानमा हामी सबैमा सकारात्मक भाव सञ्चार हुनुपर्ने बताएका छन् ।

**सामाजिकचेतनायुक्त वैचारिक चेतनाको अभिव्यक्ति**

*काव्याञ्जली*मा कवि रवीन्द्र भट्टराईका आफ्ना मौलिक विचार प्रस्तुत भएका छन् । समसामयिक राष्ट्रिय चेतना उनका कविताका विषय बनेका छन् । देशको रक्षार्थ अग्रजहरूले आफूलाई हाँसी हाँसी बलिवेदीमा होमेकै कारण आज हामी ठाडो माथ गर्न सक्ने भएका छौँ । सत्कर्ममा रहेका र सकारात्मक सोचका साथ अहोरात्र खट्ने सपूतहरूप्रति श्रद्धाका पुष्पगुच्छा अर्पण गर्नाले राष्ट्रिय भावको सम्प्रेषण गर्दछन् । देशको भूगोल र यहाँका सम्पदाहरू संरक्षित गर्न लाग्नुपर्ने देशभक्तिपूर्ण सन्देश कवितामा व्यक्त भएको छ । समाज र देशमा देखापरेका निराशालाई आशामा रूपान्तरण गराउनु कविको धर्म हो ।

"आफ्नै बाटो बनाऊँ
आफ्नै गोहो ठहर्याऊँ
यो छोडूँ र ऊ समाऊँ
अर्कै बाटो रोजूँ" (भट्टराई, २०७६, पृ.३) ।

कविको विचारमा प्रखर देशभक्ति छ । जनयुद्धबाट विद्रोहमा होमिएको विद्रोही राज्यसत्तामा पुगेर पनि केही गर्न नसकेकामा कवि यसरी आक्रामक भाव प्रकट गर्छन् :

"भन्छौ ऊ अमर छ
ए ! उसका सहयात्रीहरू
खै कुनचाहिँ जिउँदो छ
ऊ वा उसको अठोट ?" (भट्टराई, २०७६, पृ.१४) ।

**समयचेत, वर्गभेद र यथार्थ विचारको अभिव्यक्ति**

*काव्याञ्जली* विचारको अभिव्यक्तिको पक्षका दृष्टिले सशक्त छ । समयचेत प्रखर भएर अभिव्यक्त भएको छ । अपरिवर्तनप्रतिको गुनासो स्वाभाविक छ । समयानुसार धेरै काम आफैँ हुँदै जाने परिवेश बन्न नसकेकोमा भने कवि असन्तुष्ट छन् । समयको प्रवाहलाई पक्रिएर अगाडि बढ्न नसक्ने हो भने कमजोरी हो भन्ने कविको धारणा रहेको छ ।

आधुनिक गद्य कविताका प्रवर्तक गोपालप्रसाद रिमालको *आमाको सपना* (२०१९) कवितासङ्ग्रहको क्रान्तिकारी भावको प्रभाव *काव्याञ्जली*मा व्यवहृत भएको छ । यस सँगालोमा रहेको 'आमाको सपना' कवितासँग मिल्दो शैलीमा रचित 'दुःखीको दिन' कविताले यो तथ्य पुष्टि गर्दछ । भट्टराईको *काव्याञ्जली* पनि मूलतः गद्य कविताकै सँगालो बन्न पुगेको छ । यस सङ्ग्रहमा सर्जक भट्टराईले व्यक्त गरेका काव्यात्मक विचारलाई नमुनाका रूपमा यहाँ प्रस्तुत गरिएको छ :

"स्वर्गको फूल भएर परीका लागि फुलेन
अप्सरा खुसाउनका लागि कदापि भुलेन
देउताहरूका निम्ति फुल्न उसलाई चाहै भएन
कसैसामु जसले कैल्यै झुल्नै परेन" (भट्टराई, २०७६, पृ.१ ) ।

रवीन्द्र भट्टराईका कवितामा वर्गभेद पनि स्पष्ट देख्न सकिन्छ । उच्च वर्गले निम्न वर्गमाथि गर्ने दमन स्वाभाविक छ । काव्यमा व्यक्त भएको यो भाव यथार्थ छ । उक्त यथार्थ भावका विरुद्धमा प्रतिवाद गरिएको छ । यहाँ प्रगतिवादी चेतना मुखरित भएको छ । अस्तित्ववादी चिन्तन, विसङ्गतिवादी चेत पनि उनका कवितामा भेटिन्छ । प्रजातन्त्र आएपछि पनि सङ्घर्ष गर्नुपर्ने, विद्रोह गर्नुपर्ने र विसङ्गतिका विरुद्ध लड्नुपर्ने अवस्था आउनु विसङ्गतिपूर्ण छ । पद्धति, विधि, विधान, नियम, कानुनमा अझसम्म पनि थिति बस्न नसक्नु यथार्थ हो ।

"घाँस अघाउँजी थिएन साँच्चै
खानै पुगेन भनेँ त के बिराएँ ?
काम्न थाले गोडाहरू भोकले थर्थरी
दाना पुगेन भनेँ त के बिराएँ ?" (भट्टराई, २०७६, पृ.९ ) ।

समाजलाई वास्तविक बाटो देखाउने दृष्टिले पनि यी कविता सफल छन् । समाजका खराब कर्म छोडेर सत्कर्ममा लाग्न यी कविता गतिला दृष्टान्त हुन् । समाजको यथार्थ रूपान्तरण, प्रगति, विकास, विकृतिप्रति विद्रोह तथा सङ्घर्षका विषयहरू *काव्याञ्जली*मा सर्वत्र पाइन्छन् । यी सब समाज रूपान्तरणका यथार्थ अभिव्यक्ति हुन् ।

**निष्कर्ष**

कविभट्टराईका *काव्याञ्जली* कवितासङ्ग्रहभित्रका रचनाले समाजभित्रका विविध यथार्थको अभिव्यक्ति दिएका छन्। विवेच्य कृतिमा मूलतः समसामयिक सन्दर्भका यथार्थ विषयहरू प्रस्तुत भएका छन्। यस काव्यसँगालामा समेटिएका ८२ वटा कविताको औपचारिक आयाम ९४ पृष्ठको सीमामा बाँधिएको छ। कविताका विषयक्रम र प्रस्तुतिमा विचलन भएको देखिन्छ। काव्यका विषयवस्तु र शीर्षक यथार्थ समसामयिक र सान्दर्भिक छन्। वि. सं. २०४० देखि २०६० को दशकमा लेखिएका कविताहरूको सङ्ख्या ५८ रहेको छ। बाँकी २४ वटा कवितामा भने मिति उल्लेख भएको देखिँदैन। अतः अधिकांश कविता चालिसदेखि साठीको दशकसम्मका भएकाले कवितामा तत्कालीन समयको नेपाली समाजको यथार्थ प्रतिबिम्बन भएको पाइन्छ। यी कवितामा समाजका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक र सांस्कारिक चेतना दुरुस्त उतारिएका छन्। काव्यमा समाजका विकृति, विसङ्गति, बेथिति र यथास्थिति सग्लो रूपमा उत्रिएका छन्। काव्यले पाठकलाई तत्कालीन अवस्थाको यथार्थ अवलोकन गराएको छ। सामाजिक यथार्थको प्रस्तुति र भावविन्यासका दृष्टिले काव्य सफल छ। सामाजिक, राजनीतिक, आर्थिक, नैतिक आदि दृष्टिले काव्यमा व्यक्त भएको यथार्थ अभिव्यक्ति सामयिक र सान्दर्भिक छन्। यथार्थ र अझ खास गरी सामाजिक यथार्थको अभिव्यक्तिका दृष्टिले *काव्याञ्जली* कवितासङ्ग्रह सफल कृति हो।

**सन्दर्भसामग्री**

अधिकारी, गणेशराज, गौतम, वासुदेव र ढुङ्गेल, वासुदेव, (२०७९), *साहित्यशास्त्र र नेपाली समालोचना,* भुँडीपुराण प्रकाशन।

आचार्य, कृष्णप्रसाद र गैरे,ईश्वरीप्रसाद (२०५९), *आधुनिक नेपाली नाटक र फुटकर कविता,* न्यु हिरा बुक्स इन्टरप्राइजेज।

ढुङ्गेल, वासुदेव, अधिकारी, गणेशराज र गौतम, वासुदेव (२०७६), *नेपाली कविताकाव्य*, भुँडीपुराण प्रकाशन।

जोशी, ताराप्रसाद (२०४३), *कवितासङ्ग्रह भाग २,* मोहनप्रसाद।

भट्टराई, रवीन्द्र (२०७६), *काव्याञ्जली,* कवि स्वयम् र लक्ष्मीदेवी घिमिरे।

भण्डारी, पारसमणि र पौडेल माधवप्रसाद (२०६८), *साहित्यशासत्र र नेपाली समालोचना,* विद्यार्थी पुस्तक भण्डार।

श्रेष्ठ, दयाराम (२०७८), *यथार्थवाद,* शिखा बुक्स।